नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाइ
सानोठिमी, भक्तपुर

पत्र संख्या:-०८२/८३
चलानी नं.:- ३०८

website: www.moepiu.gov.np
Email: info@moeclpiu.gov.np

मितिः २०८२/८/१५ गते

विषयः निवेदन पेश गर्ने सम्बन्धमा ।

श्री विपद्‌बाट प्रभावित सामुदायिक विद्यालयहरू ।

प्रस्तुत विषयमा यस आयोजनाको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत भूकम्प, बाढी, पहिरो, हावाहुरी लगायतका प्राकृतिक विपद्को कारणले क्षति पुगेका सामुदायिक विद्यालयको पुनर्निर्माण/प्रवलीकरण कार्यक्रममा रू २४ करोड र पुनर्निर्माण भएका विद्यालयको आकस्मिक मर्मत सम्भार तथा आवश्यक संरक्षण कार्य (२०७२को भूकम्पको क्षति पश्चात् पुनर्निर्माण भएका विद्यालयहरु) रु ३ करोड बजेट रहेको छ। उक्त कार्यक्रमहरू मध्ये पुनर्निर्माण वा प्रवलीकरण अन्तर्गत चारकोठे अधिकतम ३० वटा वा दुईकोठे अधिकतम ६० वटा विद्यालयको पुनर्निर्माण/प्रवलीकरण र २०७२ को भूकम्पले क्षति पुऱ्याई पुनर्निर्माण भएका विद्यालयको आकस्मिक मर्मत सम्भार तथा आवश्यक संरक्षण कार्य अन्तर्गत अनुमानित १० वटा विद्यालयमा मर्मत सम्भार गर्न सकिने अवस्था रहेकोले विपद्‌बाट क्षति पुगेका र हालसम्म कुनै पनि सरकारी/गैरसरकारी निकायबाट सो कार्यको छनोटमा नपरेका यसैसाथ संलग्न सर्तहरू पुरा गरेका सामुदायिक विद्यालयले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (अर्थात् २०८२ मंसिर मसान्त भित्र) तोकिएको ढाँचा अनुसारको विवरण सहित यस कार्यालय वा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइले प्राप्त विद्यालयको सक्कल फाईल सहित कार्यक्रमगत रुपमा विद्यालयको नामनामेशी विवरण २०८२ पौष ७ गते भित्रमा यस कार्यालयमा उपलब्ध गराउनु हुन अनुरोध गरिन्छ ।तोकिएको समयमा प्राप्त नभएमा छनोट प्रक्रियामा समावेश गरिनेछैन ।

वोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै
(प्राप्त विद्यालय विवरण सहितको फाइल संकलन गरी तोकिएको समयसिमा भित्र पठाइदिनुहुन।)

लक्ष्मीप्रसाद भट्टराई
आयोजना निर्देशक

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
केन्द्रीय आयोजना कार्यान्वयन इकाइ
सानोठिमी, भक्तपुर

पत्र संख्या:-०८२/८३
चलानी नं.:-

website: www.moepiu.gov.np
Email: info@moeclpiu.gov.np

शर्तहरू

१. भूकम्प, बाढी, पहिरो हावाहुरी लगायतका प्राकृतिक विपद्को कारणले क्षति पुगेका सामुदायिक विद्यालयको पुनर्निर्माण/ प्रवलीकरण कार्यक्रमको लागि:

क) पुनर्निर्माण तथा मर्मत सम्भार कार्यक्रमका लागि कुनै पनि सरकारी तथा गैर सरकारी निकायबाट छनौटमा नपरेको वा कार्यक्रम सञ्चालन नभएको,

ख) विद्यालय निर्माण गरिने जग्गाको स्वामित्व भएको /भोगचलनको सिफारिस प्राप्त गरेका विद्यालय

ग) विभिन्न कारणले स्थानान्तरण गर्नुपर्ने वा एकीकरण (Merging) को सम्भावना नभएका विद्यालय

घ) निर्माणका लागि सबै किसिमले उपयुक्त निर्माण स्थल (जग्गाको पर्याप्तता, बाढी, पहिरो, नदी कटान आदि जोखिमबाट मुक्त) भएका विद्यालय

ङ) विद्यालय व्यवस्थापन समिति गठन भएको विद्यालय

च) २०८१ को असोजको अविरल वर्षा पछिको वाढि, पहिरोले क्षति पुऱ्याएका पुनर्निर्माण/प्रवलीकरण/मर्मत सम्भार गर्नुपर्ने विद्यालय वा विभिन्न समयमा आएको प्राकृतिक प्रकोपबाट क्षति पुगि पुनर्निर्माण कार्य नभएका विद्यालय

छ) भुकम्प, बाढी, पहिरो, हावाहुरीले क्षति पुऱ्याइ निमार्ण भएको भवन पूर्ण जोखिममा रहेका वा स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका विद्यालय ।

ज) सम्वन्धित स्थानीय तहको सिफारिश पत्र

२. २०७२ को भूकम्पको क्षति पश्चात् पुनर्निर्माण भएका विद्यालयहरुको आकस्मिक मर्मत सम्भार तथा आवश्यक संरक्षण कार्यक्रमको लागि:

क. मर्मत सम्भार कार्यक्रमका लागि कुनै पनि सरकारी तथा गैर सरकारी निकायबाट छनौटमा नपरेको वा कार्यक्रम सञ्चालन नभएको,

ख. विद्यालय निर्माण गरिने जग्गाको स्वामित्व भएको /भोगाचलनको सिफारिस प्राप्त गरेका विद्यालय

ग. विभिन्न कारणले स्थानान्तरण गर्नुपर्ने वा एकीकरण (Merging) को सम्भावना नभएका विद्यालय

घ.

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**केन्द्रीय आयोजना कार्यान्वयन इकाइ**
सानोठिमी, भक्तपुर

पत्र संख्या:-०८२/८३
चलानी नं.:-

website: www.moepiu.gov.np
Email: info@moeclpiu.gov.np

ङ. निर्माणका लागि सबै किसिमले उपयुक्त निर्माण स्थल (जग्गाको पर्याप्तता, बाढी, पहिरो, नदी कटान आदि जोखिमबाट मुक्त) भएका विद्यालय

च. विद्यालय व्यवस्थापन समिति गठन भएको विद्यालय

छ. २०७२ को भूकम्पले क्षति पुर्याएर पुनर्निर्माण सम्पन्न भएका तर मर्मत संम्भार वा आवश्यक संरक्षण गर्नुपर्ने विद्यालय

ज. भुकम्प, बाढी, पहिरो, हावाहुरीले क्षति पुऱ्याइ निमार्ण भएको भवन पूर्ण जोखिममा रहेको वा स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका विद्यालय ।

झ. सम्वन्धित स्थानीय तहको सिफारिश पत्र